देशान्तर साप्ताहिक | २०६२ साल माघ २३ गते आइतबार



# देउराली जनताको पन्ध्र वर्ष

काठमाडौं । औषधि उत्पादनमा आईएसओ र विश्व स्वास्थ्य संगठनको गुड म्यानुफ्याक्चरिङ प्राक्टिस प्राप्त कम्पनी देउराली जनता फर्मास्युटिकल्स प्रालिले मुटुरोग, नशासम्बन्धी रोग, अन्य दीर्घ रोगसमेत गरी ८० प्रकारका औषधिहरु उत्पादन गर्दै आइरहेको छ। कर्पोरेट सामाजिक उत्तरदायित्वलाई मनन गर्दै देउराली जनता फर्मास्युटिकल्स प्रालिले कुनै एक जिल्लामा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने कम्पनीका कार्यकारी-निर्देशक हरिभक्त शर्माले बताउनुभयो । नेपालमा बिक्री-वितरणका लागि २ सयभन्दा बढी विदेशी कम्पनीका औषधिहरु दर्ता भएको जनाउँदै कार्यकारी-निर्देशक शर्माले भन्नुभयो- कुनै पनि बहानामा न्यून गुणस्तरीय विदेशी औषधि नेपालमा बिक्री-वितरण गर्नु र सिफारिस गर्नु सामाजिक अपराध हो ।

कम्पनीको वार्षिकोत्सव समारोहमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्माले आगामी आर्थिक वर्षहरुमा भारत र चीनको आर्थिक विकासबाट लाभ लिन सक्ने गरी अवधारणा ल्याइने बताउनुभयो । त्यसैगरी उपाध्यक्ष डा. शर्माले कर्पोरेट क्षेत्रले पनि आफ्नो सामाजिक उत्तरदायित्वलाई मनन गर्नुपर्ने बताउँदै सरकार- निजीक्षेत्र साझेदारीमा जोड दिनुभयो । उहाँले स्वास्थ्य क्षेत्रको बिजिनेस प्लान तयार पारिसकिएको जानकारी दिनुभयो । औषधि व्यवस्था विभागका महानिर्देशक भूपेन्द्रबहादुर थापाले तोकिएको समयभित्र औषधि उत्पादक कम्पनीहरुले डब्लूएचओ जीएमपी प्राप्त गर्दैनन् भने उनीहरुलाई खारेज गर्ने चेतावनी दिनुभयो ।

सरकारी स्वामित्वको शाही औषधि लिमिटेड पनि निजी कम्पनी जस्तो प्रतिस्पर्धी र गुणस्तरीय हुँदैन भने बन्द गरिने बताउनुभयो । केही कम्पनीहरु यथास्थितिमा रहन चाहन्छन्, महानिर्देशक थापाले भन्नुभयो- औषधिको क्षेत्रमा रुग्ण उद्योग भनेर संरक्षण दिइनु हुँदैन । नेपालका औषधि उत्पादकहरुले उत्पादनमा विविधीकरण गरी निर्यातमुखी बन्ने प्रयास गर्नुपर्ने भनाइ महानिर्देशक थापाको थियो । पूर्व स्वास्थ्य राज्यमन्त्री तथा चिकित्सक डा. वंशीधर मिश्रले औषधि उत्पादक कम्पनीहरुले अब अनुसन्धान तथा विकासमा हात हाल्दै जानुपर्ने बताउनुभयो ।